नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (वातावरण तथा विपद् समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौ

email:cdms.mofaga@gmail.com

पत्र संख्याः-वा.त.वि.स.शा/२०८२/०८३
चलानी नं.:- 908

मितिः २०८२/१२/११
नेपाल संवत् ११४५ चौलाथ्व

श्री स्थानीय तह (सबै) ।

विषयः <u>वायु प्रदूषण न्यूनीकरण सम्बन्धमा</u> ।

श्री वन तथा वातावरण (वातावरण तथा जैविक विविधता महाशाखा)को प.सं ०८२/८३ च.नं ६९६ मिति २०८२/१२/०९ "वायु प्रदूषण न्यूनीकरणका लागि वातावरण विभागको अनुरोध" विषयक पत्रको छाँया प्रति (पाना ३) यसै पत्रसाथ संलग्न छ। फोहर व्यवस्थापनमा स्थानीय तहको प्रभावकारीता बढाउने र खुला रुपमा प्लाष्टिकजन्य लगायत अन्य फोहर तथा घुर नजलाउने विषय तहाँ स्थानीय तह संग सम्बन्धित भएकोले सोही बमोजिम व्यवस्थापनका लागि निर्णयानुसार अनुरोध छ।

१२।११

(जय राम उप्रेती)
शाखा अधिकृत

बोधार्थः
श्री वन तथा वातावरण मन्त्रालय (वातावरण तथा जैविक विविधता महाशाखा) सिंहदरवार,
श्री वातावरण विभाग, बबरमहल, काठमाडौं,
श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (पोर्टल र वेवसाइट मार्फत पत्राचार गरीदिन हुन)।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## वातावरण तथा जैविक विविधता महाशाखा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३०६४
दर्ता मिति:- १२/१०

पत्र संख्या : ०८२/८३
चलानी नं· : ६९६

सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

मिति: २०८२/१२/०९
ने. सं. ११४६

विषय: वायु प्रदूषण न्यूनीकरणका लागि अनुरोध सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा वातावरण विभागको मिति २०८२/१२/०२, च. न. ६२७ को पत्रमार्फत प्राप्त "वायु प्रदूषण न्यूनिकरणका लागि वातावरण विभागको अनुरोध" मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अपिल गरिएको तपसिल बमोजिमका दुईवटा बुँदाहरु तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा कार्यान्वयनको लागि अनुरोध हुन विभागबाट प्राप्त अनुरोध (पाना २) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८२/१२/०८ को निर्णयानुसार अनुरोध छ ।

तपसिल:

- फोहर व्यवस्थापनमा स्थानीय तहको प्रभावकारिता बढाउन ।
- खुला रुपमा प्लाष्टिकजन्य लगायत अन्य फोहर तथा घुर नजलाउन ।

श्री वातावरण तथा विपद व्य. शाखा
[signature] २०८२।१२।१०

K.R. Joshi 2082/12/9
(केशब राज जोशी)
वातावरण निरीक्षक

बोधार्थ:
श्री वातावरण विभाग, बबरमहल, काठमाडौं ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ४५४
मिति: २०८२।१२।१०


| कार्यालयको ठेगाना | कार्यालयको टेलिफोन नं.: | फ्याक्स नं.: | इमेल: |
| --- | --- | --- | --- |
| सिंहदरबार, काठमाडौं नेपाल | ४२११९४६, ४२११५६७ | ४२११८६८ | info@mofe.gov.np |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

## वायु प्रदूषण न्यूनिकरणका लागि वातावरण विभागको अनुरोध

मिति २०८२ चैत्र २ गते (ने.सं. ११४६ चिल्लागा)

हालैका दिनहरुमा मौषमी प्रतिकुलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको पाइएको छ। विशेष गरी काठमाण्डौ, पोखरा लगायत देशका ठुला सहरहरुका अतिरिक्त तराईका अधिकांश स्थानमा $PM_{2.5}$ (मसिना कणहरु) को प्रदुषण बढेको पाइएको छ। त्यसमा पनि बिहान र बेलुकाको समयमा वायु प्रदुषण उच्च हुने गरेको छ। चिसोको कारण विभिन्न स्रोतबाट उत्सर्जन भएको प्रदुषण छरिएर जान नसक्ने तथा विगत लामो समय देखि बर्षा नभएको कारण पनि यो सिजनमा वायु प्रदुषण उच्च हुने गरेको छ। यसका साथै देशका केही स्थानमा वन डढेलोका घटनाहरु पनि शुरु हुन थालिसकेका छन जसले वायु प्रदुषण बढ्नमा भुमिका खेल्दछन। यसका अलावा उद्योग कलकारखानाहरु, सवारीका साधनहरु, फोहोर जलाउने क्रियाकलापहरु, बालीनालीका अवशेष जलाउने क्रियाकलापहरु, देश बाहिरबाट आउने प्रदूषण (Trans boundary pollution) आदी वायुप्रदूषणका प्रमुख स्रोतहरु रहिआएका छन। वायु प्रदुषणले तपाई हाम्रो स्वास्थ्यमा नकारात्मक असर पुर्‍याउँदछ। वायु प्रदूषणले विशेष गरी बालबालिका, बृद्ध बृद्धा एवं दम खोकि जस्ता श्वास प्रश्वास सम्बन्धी रोगीहरुलाई बढी असर गर्ने भएकोले उहाँहरुले विशेष सावधानी अपनाउनु पर्दछ।

वातावरण विभाग वायु प्रदुषण न्यूनिकरणका लागि विभिन्न निकायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न अपिल गर्दछ।

- **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
  - फोहर व्यवस्थापनमा स्थानीय तहको प्रभावकारिता बढाउन।
  - खुला रुपमा प्लाष्टिकजन्य लगायत अन्य फोहर तथा धुर नजलाउन।
- **उद्योग विभाग**
  - वातावरणयीय अध्ययन स्वीकृत भएका आयोजनाहरुको स्वीकृत प्रतिवेदन अनुसार परिपालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।
  - उद्योग सञ्चालन गर्दा न्यूनतम वायु प्रदुषण भित्र रहेर सञ्चालन व्यवस्थापन गराउनुहुन।
- **यातायात व्यवस्था विभाग**
  - प्रदुषण बढेको समयमा जिवाष्म इन्धनको न्यूनतम खपत गरी सवारी सञ्चालन गर्ने।
  - सवारी साधनको नियमित मर्मत सम्भार गरी प्रदुषण सिमा भित्र रहेर सवारी सञ्चालनको व्यवस्था गराउनुहुन।
  - सकेसम्म स्वच्छ उर्जा र साइकल जस्ता सवारी प्रयोग प्रवर्द्धन गर्नुहुन।

- **सडक विभाग/शहरी विकास तथा भवन निर्माण विभाग**
  - सडक र भवन निर्माण गर्दा क्षेत्रगत संहिता परिपालना गराउनुहुन।
  - धुलो धुँवा न्यूनतम उत्सर्जन हुने व्यवस्था गराउनुहुन।
  - वातावरणीय सर्तहरुको परिपालनामा विशेष पहल गराउनुहुन।
  - वातावरणयीय अध्ययन स्वीकृत भएका आयोजनाहरुको स्वीकृत प्रतिवेदन अनुसार परिपालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन।
  - निर्माणाधिन क्षेत्रमा धुलो धुँवा कम गर्न पानी छर्कने व्यवस्था गराउनुहुन।
- वन विभाग/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
  - वन डढेलो नियन्त्रणमा प्रभावकारी समन्वय गर्नुहुन।
  - वन उपभोक्ता तथा संरक्षण समिति एवं स्थानीय तहसँग डढेलो लागेमा समन्वय र नियन्त्रणको लागि प्रभावकारी व्यवस्था गराउनुहुन।